संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

प्रेस विज्ञप्ति - २०६४ वैशाख १२

---

## उच्चायुक्तको कार्यालय-नेपालद्वारा पाँचथर, पर्सा र कास्कीमा स्थानीय नेता तथा राज्यअधिकारीहरूसँग शान्ति प्रक्रियामा मानवअधिकारसम्बन्धी छलफल

शान्ति प्रक्रियामा मानवअधिकारबारे छलफल गर्न उच्चायुक्तको कार्यालय-नेपालका विभिन्न टोली राजनीतिक दलका सदस्य, नागरिक समाज र सथानीय राज्यअधिकारीसँग भएका शृङ्खलाबद्ध बैठकहरूमा सहभागी भए।

बुधबारको बैठकमा भाग लिनेहरूमा नेपालको अनौपचारिक भ्रमणमा रहेका निम्न संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार विज्ञ थिए: आदिवासी जनताका मानवअधिकार तथा मौलिक स्वतन्त्रताको स्थितिसम्बन्धी विशेष प्रतिवेदक श्री रोडोल्फो स्टाभेनहगेन (पाँचथरमा); मानवअधिकार परिषद्को जातीवादका समकालीन स्वरूपहरूसम्बन्धी विशेष प्रतिवेदक श्री डुडु डीएन (वीरगञ्ज); र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी उप—आयोगका दुई सदस्य श्री योजो योकोता र चिनसुङ चुङ (कास्की)।

उच्चायुक्तको कार्यालय-नेपालद्वारा सप्तरी र सुनसरी जिल्लामा आयोजित अघिल्ला दुई बैठक जस्तै यी बैठकले विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान तथा नयाँ सरकारको न्यूनतम साझा सहमतिको कार्यक्रमका मानवअधिकारसम्बन्धी प्रावधानलगायतका मानवअधिकारको शान्ति प्रक्रियामा सम्मान होस् भन्ने सुनिश्चित गर्ने चुनौतीमा ध्यान केन्द्रित गर्‍यो। आगामी संविधानसभामा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न सम्भावित उपायहरूको खोजी गर्नु कार्यसूचीको अर्को बुँदा थियो।

उच्चायुक्तको कार्यालय-नेपाल, सामान्यतया राष्ट्रिय मानवअधिकार आयोगसँगको सहकार्यमा, स्थानीय पात्रहरू अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी लिखत तथा नेपालको चालु शान्ति प्रक्रियाको अङ्गको रूपमा रहेका सम्झौतामा विस्तृत रूपमा उल्लेख गरिएका आफ्ना अधिकार र जिम्मेवारीबारे जागरुक होओन् भन्ने सुनिश्चित गर्न यी शृङ्खलाबद्ध बैठकको आयोजना गरिरहेको छ। अर्को उद्देश्य हो - यो शान्ति प्रक्रियाको नाजुक घडीमा मानवअधिकारका प्रतिबद्धतालाई यथार्थमा परिणत गर्न स्थानीय नेताहरूलाई सघाउनु।

अघिल्ला बैठकमा राजनीतिक मित्र तथा विरोधीहरूलगायत अरूका अधिकारको सम्मान बहुदलीय प्रजातन्त्रमा सफल निर्वाचनको कोणेढुङ्गा हो भन्ने राजनीतिक पात्रले स्वीकार्नुपर्छ भन्ने कुरामा जोड दिइएको छ। यसको अर्थ राजनीतिक पात्रले अन्य सबै पात्रलाई न्याली, बैठक वा प्रदर्शन गर्न दिनुपर्छ र तिनका समर्थकले पनि अरूका यी अधिकारको सम्मान गरून् भन्ने कुरा पनि सुनिश्चित गर्नु हो।

> "संविधानसभाको निर्वाचनलगायत शान्ति प्रक्रियामा मानवअधिकारसम्बन्धी जानकारीको स्थानीयस्तरमा सम्प्रेषण तथा छलफल गरिनु शान्ति प्रक्रियाका लागि अत्यावश्यक छ भन्ने कुरामा उच्चायुक्तको कार्यालय-नेपाल विश्वास गर्दछ। स्थानीय नेता र सीमान्तकृत समूहका सदस्यसँग विचारहरू व्यक्त गर्न आज यी बैठकमा विशेष प्रतिवेदक तथा उप-आयोगका विज्ञहरू हुनाले उच्चायुक्तको कार्यलयको भेदभाव तथा सामाजिक बहिष्करणबारे आफ्नो कार्यलाई जारी राख्न पनि सघाउनेछ," सयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालकी प्रतिनिधि लेना सुन्धले भन्नुभयो।

**For further information contact Mr. Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 16107 or Email: mlogan@ohchr.org**